# स्थानीय राजपत्र


स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ६, संख्या १० | २०८० बैशाख १७ गते | विक्री मुल्य रु. ०।००


## भाग १

स्थानीय सरकार

### विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।०१।१५*

# विदुर नगरपालिका उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८०

# उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८०

**प्रस्तावनाः**

विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धी कार्यविधि, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले विदुर नगरपालिकाले देहायको संशोधन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रा**रम्भ : (१) यस कार्यविधिको नाम विदुर नगरपालिकाको **उद्योग व्यवसाय दर्ता सम्बन्धी कार्यविधि (दोस्रो संशोधन), २०८०** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **"विदुर नगरपालिकाको उद्योग व्यबसाय दर्ता सम्बन्धी कार्यविधि २०७७" को** दफा ९ को उपदफा (ग),(ङ) र (च) देहाय बमोजिम थप राखिएको छ :

**९.उद्योगको वर्गिकरण :**

**ग) कृषि तथा वनजन्य उद्योग :** मूलत कृषि वा वन पैदावारमा आधारित रेशम, फलफुल खेती तथा प्रशोधन, पशुपालन, डेरी, जडिबुटि, फर्निचर जस्ता उद्योगहरु ।

**ङ) पर्यटनमूलकः** पर्यटन आवास, मोटेल, होटेल, रेष्टुरा, वाटर-ऱ्याफ्टिङ्ग, पदयात्रा (ट्रेकिङ्ग), मनोरञ्जन पार्क, होमस्टे निर्माण तथा संचालन गर्ने व्यवसाय ।

**च) सेवामूलक :** वर्कशप, छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, निर्माण व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, अस्पताल, नर्सिङ्गहोम, प्रशिक्षण संस्थाहरु, प्रयोगशाला, शीतभण्डार, छात्राबास, कुटानी तथा पिसानी मिल, एल्मुनियमबाट निर्मित सामान, जुत्ता चप्पल निर्माण, साबुन निर्माण, ब्युटीपार्लर, ड्राइभिङ सेन्टर, क्याटरिङ एण्ड रेन्टल सर्भिस, चाउमिन उत्पादन, चस्मा पसल र डेण्टल उल्लेख आदि व्यवसायहरु । .

प्रमाणिकरण मितिः २०८०।०१।१५

आज्ञाले
विनोद कुमार खनाल
(प्रमुख प्रशासकीय अधिकृत)